# कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को बैठकबाट संवत् २०७७ साल बैसाख ४ गते बिहिबार भएका निर्णयहरु

| प्रस्ताव पेश गर्ने मन्त्रालय | प्रस्तावको व्यहोरा |
|---|---|
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश सभा, कर्णाली प्रेदशको पाँचौ अधिवेशन अन्त्य गर्ने सम्बन्धमा। |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | स्थानीय तह मार्फत मात्र राहत वितरण गर्ने व्यवस्था मिलाउने सम्बन्धमा। |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | . लकडाउनलाई अझ प्रभावकारी बनाउन नेपाल सरकार समक्ष अनुरोध गर्ने सम्बन्धमा। |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सबै नागरिकलाई समान व्यबहार गर्न र सम्मानजनक अवस्थाको सृजना गरी सुरक्षा प्रत्याभूति गराउन निर्देशन हुनका लागि नेपाल सरकार समक्ष अनुरोध गर्ने सम्बन्धमा। |

## कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को बैठकबाट संवत् २०७७ साल बैसाख २६ गते शुक्रबार भएका निर्णयहरु

| प्रस्ताव पेश गर्ने मन्त्रालय | प्रस्तावको व्यहोरा |
|---|---|
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | नेपाल सरकारबाट प्रदेश मन्त्रालयहरुमा खटिने सचिवहरुको पदस्थापनलाई व्यवस्थित गर्ने सम्बन्धमा। |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेशमा रहेका संघीय सरकारका सेवा प्रवाह र विकास निर्माणसँग सम्बन्धित कार्यालयहरु प्रदेश सरकारलाई हस्तान्तरण गर्ने सम्बन्धमा। |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | मुख्यमन्त्री रोजगार कार्यक्रम (पहिलो संशोधन) निर्देशिका, २०७६ स्वीकृत गर्ने सम्बन्धमा। |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | भौतिक पूर्वाधार विकास मन्त्रालयको सचिव पदमा कायम मुकायम मुकरर गर्ने सम्बन्धमा । |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कर्णाली प्रदेश सार्वजनिक निकायको बैठक तथा कार्यक्रम संचालन कार्यविधि, २०७७ स्वीकृत गर्ने सम्बन्धमा। |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश सभा, कर्णाली प्रेदशको छैटौं अधिवेशन आह्वान गर्ने सम्बन्धमा। |
| सामाजिक विकास मन्त्रालय | COVID-19 संक्रमण रोकथाम तथा प्रतिकार्याथ अस्पतालहरुको पूर्वाधार विकासको लागि बजेट उपलब्ध गराउने सम्बन्धमा। |

# कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को बैठकबाट संवत् २०७७ साल जेठ १२ गते सोमबार भएका निर्णयहरु

<table>
<tr><th>निर्णय नं.</th><th>निर्णयको व्यहोरा</th></tr>
<tr><td>१.</td><td>कर्णाली प्रदेश भित्र संवत् २०७७ सालमा निम्न दिनहरुमा सार्वजनिक विदा दिने र सो को सूचना राजपत्रमा प्रकाशन गर्ने ।
<table>
<tr><th>क्र.सं.</th><th>पर्व/ दिवसहरु</th><th>मिति</th><th>कैफियत</th></tr>
<tr><td rowspan="2">१</td><td rowspan="2">धान दिवस</td><td>असार १५ गते</td><td>प्रदेशका जुम्ला बाहेक ९ जिल्लामा</td></tr>
<tr><td>चैत्र १२ गते</td><td>जुम्ला जिल्लामा</td></tr>
<tr><td>२</td><td>साउने संक्रान्ति तथा देउडा पर्व</td><td>श्रावण १ गते</td><td>प्रदेशभर</td></tr>
<tr><td>३</td><td>प्रदेश स्थापना तथा शहिद दिवस</td><td>भाद्र ४ गते</td><td>प्रदेशभर</td></tr>
<tr><td>४</td><td>चन्दनाथ मन्दिरको लिंगो बोक्ने मेला</td><td>असोज कृष्ण त्रयोदशी</td><td>जुम्ला जिल्लामा मात्र</td></tr>
<tr><td>५</td><td>माघे संक्रान्ति (माघी)</td><td>माघ १ गते</td><td>प्रदेशभर</td></tr>
<tr><td>६</td><td>चैते दशैं</td><td>चैत्र शुक्ल अष्टमी</td><td>प्रदेशभर</td></tr>
<tr><td>७</td><td>फोत्तोलो ल्होसार</td><td>तिथि अनुसार</td><td>प्रदेशभर, सम्बन्धित समुदायको लागि मात्र</td></tr>
</table>
तिथि अनुसार दिइने विदाको मिति आन्तरिक मामिला तथा कानून मन्त्रालयले तत् तत् समयमा निर्णय गरी सार्वजनिक गर्ने।</td></tr>
<tr><td>२.</td><td>पूर्वाधार विशेष कार्यक्रम कार्यान्वयनका लागि कर्णाली प्रदेश विनियोजन ऐन ,२०७६ दफा ९ बमोजिम बजेट कार्यान्वयन सहजताको लागि आदेश जारी गर्ने।</td></tr>
<tr><td>३.</td><td>कर्णाली प्रदेश विनियोजन विधेयक, २०७७ का सिद्धान्त, उदेश्य, प्राथमिकता र प्रमुख नीतिहरु प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने।</td></tr>
<tr><td>४.</td><td>कर्णाली प्रदेशमा व्यापार-व्यवसायको दर्ता तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने।</td></tr>
<tr><td>५.</td><td>प्रदेश औद्योगिक व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने।</td></tr>
<tr><td>६.</td><td>विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोभिड-१९ को कारणबाट रोजगारी गुमाएका र महामारीबाट त्रसित भइ भारतबाट ठूलो संख्यामा नेपाली नागरिकहरु स्वदेश फर्किने क्रम जारी रहेको र यसबाट प्रदेशमा महामारी झन् फैलिन थालेको तथा नेपाल प्रहरी र सशस्त्र प्रहरी बल सुरक्षासम्बन्धी अन्य कार्यहरुमा समेत खटिनु पर्ने हुँदा महामारीबाट प्रभावित र संक्रमित नागरिकको उद्धार तथा क्वारेण्टाइन व्यवस्थापनमा समस्या हुने देखिएकोले यस कार्यका लागि नेपाली सेना समेत परिचालन गर्नुपर्ने स्थितिमा सोको स्वीकृतिका लागि नेपाल सरकारसँग अनुरोध गर्ने।</td></tr>
</table>

## कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को बैठकबाट संवत् २०७७ साल जेठ १६ गते शुक्रबार भएका निर्णयहरु

| प्रस्ताव पेश गर्ने मन्त्रालय | प्रस्तावको व्यहोरा |
|---|---|
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७७।७८ को नीति तथा कार्यक्रम स्वीकृत गरी प्रदेश सभामा पेश गर्ने सम्बन्धमा। |

## कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को बैठकबाट संवत् २०७७ साल जेठ १९ गते सोमबार भएका निर्णयहरु

| प्रस्ताव पेश गर्ने मन्त्रालय | प्रस्तावको व्यहोरा |
|---|---|
| | १. नेपाल सरकारबाट स्वीकृत कोभिड-१९ को विश्वव्यापी संक्रमणबाट उत्पन्न असहज परिस्थितिमा स्वदेश आउनै पर्ने अवस्थामा रहेका नेपाली नागरिलाई स्वदेश आउन सहजीकरण गर्ने सम्बन्धी आदेश, २०७७ कार्यान्वयन गर्ने सम्बन्धमा।<br>२. |
| | ३. यार्सागुम्बा संकलनको कार्य खुला गर्ने सम्बन्धमा। |
| | ४. हुम्लाको याल्वाङ वितरण केन्द्र र डोल्पाको तिन्जे वितरण केन्द्रमा खाद्यान्न आपूर्तिको लागि वैकल्पिक व्यवस्था गर्ने सम्बन्धमा। |
| | ५. आर्थिक मामिला तथा योजना मन्त्रालय र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको कार्यालय भवन व्यवस्थापन सम्बन्धमा।<br>प्रदेशमा खाद्यान्न भण्डारण तथा आपूर्तिको व्यवस्था मिलाउने सम्बन्धमा। |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | कर्णाली प्रदेश विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन (पहिलो संशोधन) नियमावली, २०७७ स्वीकृत गर्ने सम्बन्धमा। |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | चालु आर्थिक वर्षको कार्यक्रम संशोधन सम्बन्धी अधिकार प्रत्यायोजन सम्बन्धमा। |
| भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | खाद्य सुरक्षाका लागि उत्पादन विशेष कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ स्वीकृत गर्ने सम्बन्धमा। |
| सामाजिक विकास मन्त्रालय | COVID-19 संक्रमित विरामीका लागि आईसोलेशन वेड र किट खरिद सम्बन्धमा । |

## कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को बैठकबाट संवत् २०७७ साल असार १ गते सोमबार भएका निर्णयहरु

| प्रस्ताव गर्ने मन्त्रालय | निर्णय |
|---|---|
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश निजामती सेवा पुरस्कार सम्बन्धी मापदण्ड तथा कार्यविधि, २०७७ स्वीकृत गर्ने । |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | रुकुम घटनाका ६ जना मृतकका प्रतिपरिवारलाई एकलाख रुपैयाका दरले राहत रकम उपलब्ध गराउने। |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी कानूनमा संशोधन र एकिकरण गर्न बनेको विधेयक, २०७७" प्रदेश सभामा पेश गर्ने स्वीकृति दिने । |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | कर्णाली प्रदेश विनियोजन विधेयक, २०७७ प्रदेश सभामा पेश गर्न स्वीकृति दिने । |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | कर्णाली प्रदेश आर्थिक विधेयक, २०७७ प्रदेश सभामा पेश गर्न स्वीकृति दिने । |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | आर्थिक वर्ष २०७७/०७८ को आय व्ययको अनुमानित विवरण (बजेट) प्रदेश सभामा प्रस्तुत गर्न स्वीकृति दिने । |
| भौतिक पूर्वाधार विकास मन्त्रालय | भौतिक पूर्वाधार विकास कार्यालयको कार्यालय प्रमुख पदमा योग्यता पुगका इञ्जिनियरिङ्ग सेवा/सिभिल समूह अन्तर्गतका जुनसुकै उपसमूहका कर्मचारी जान पाउने गरी उपसमूह खुल्ला गर्ने। |

## कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को बैठकबाट संवत् २०७७ साल असार १० गते बुधबार भएका निर्णयहरु

| प्रस्ताव पेश गर्ने मन्त्रालय | प्रस्तावको व्यहोरा |
|---|---|
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | अनुदान व्यवस्थापन कार्यविधि नियम, २०७७ स्वीकृत गर्ने। |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश सुशासन प्रवर्धन केन्द्र (स्थापना र संञ्चालन) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तर्जुमा गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने। |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | बैङ्क खाता छोरीको सुरक्षा जिवन भरीको कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ संशोधन गरी संशोधन कार्यक्रममा आवद्ध हुने समय २०७७ भाद्र १५ गतिसम्म थप गर्ने। |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कर्णाली उज्यालो कार्यक्रम कार्यान्वयन (पहिलो संशोधन) कार्यविधि, २०७७ स्वीकृत गर्ने । |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | व्यवस्थापन परीक्षण निर्देशिका, २०७७ स्वीकृत गर्ने। |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | मुख्यमन्त्री दलित महिला आय आर्जन कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ स्वीकृत गर्ने । |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | कर्णाली प्रदेशमा कार्यरत आठौं तहका चिकित्सकलाई (करार तथा छात्रवृत्तित)समेत चिकित्सक विशेष प्रोत्साहन भत्ता उपलब्ध गराउने। |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | कर्णाली प्रदेशमा कार्यरत कर्मचारी/चिकित्सकहरुको सेवा सुविधा सम्बन्धी व्यवस्था, २०७६ मा संशोधन तथा थप स्पष्ट गर्ने सम्बन्धमा भएको निर्णयलाई संशोधन गर्ने । |
| उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय | कर्णाली पर्यटन बोर्ड (गठन) आदेश, २०७६ बमोजिमका सम्पुर्ण काम कारबाहीहरु हाललाई स्थगित गर्ने।" |
| सामाजिक विकास मन्त्रालय | कोभिड-१९ को प्रतिकार्य, उपचार र रोगथामको लागि खटिएका स्वास्थ्यकर्मीको करार सम्झौताको म्याद २०७७ साल असार मसान्तसम्म थप गर्ने |

# कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को बैठकबाट संवत् २०७७ साल असार २८ गते आईतबार भएका निर्णयहरु

| प्रस्ताव पेश गर्ने मन्त्रालय | प्रस्तावको व्यहोरा |
|---|---|
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेशमा समायोजन भइ आएका कर्मचारीहरुको बैयक्तिक विवरण/PIS अद्यावधिक गर्ने सम्बन्धमा। |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | मन्त्रालयहरुबाट मन्त्रिपरिषद्मा पेश हुने कानूनी विषय जोडिएका दस्तावेजहरुलाई कानूनी रुपले परिपक्व बनाउने सम्बन्धमा। |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | कर्णाली प्रदेश बिशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ को तेस्रो संशोधन स्वीकृत गर्ने सम्बन्धमा। |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | कर्णाली प्रदेश आन्तरिक लेखा परिक्षण निर्देशिका, २०७७ स्वीकृत गर्ने सम्बन्धमा। |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | कर्णाली प्रदेश जिन्सी मालसामान लिलाम बिक्रि निर्देशिका, २०७७ स्वीकृत गर्ने सम्बन्धमा। |

**कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को बैठकबाट संवत् २०७७ साल श्रावण १७ गते बुधबार भएका निर्णयहरु**

| प्रस्ताव पेश गर्ने मन्त्रालय | प्रस्तावको व्यहोरा |
|---|---|
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | विपद्को घटनाबाट पूर्णरुपमा घर क्षति भएका घरपरिवारलाई आवास निर्माणको लागि राहत रकम उपलब्ध गराउने सम्बन्धमा। |
| सामाजिक विकास मन्त्रालय | जग्गा हस्तान्तरण गरी दिने सहमति सम्बन्धमा। |

## कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७७ साल भाद्र ०६ गते शनिबारको बैठकबाट भएका निर्णयहरु

| प्रस्ताव पेश गर्ने मन्त्रालय | प्रस्तावको व्यहोरा |
|---|---|
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | मन्त्रिपरिषद्मा पेश हुने कानूनी दस्तावेजहरुको अध्ययन, राय सुझाव तथा परिमार्जन सम्बन्धमा। |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, क्रसिङ्ग र बिक्रिवितरण तथा क्रसर उद्योगको अनुगमन सम्बन्धमा। |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | निमित्त प्रमुख सचिव तोक्ने सम्बन्धमा। |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | प्रत्यायोजन गरिएको अधिकार बमोजिम भएका कार्यक्रम संशोधन अनुमोदन गर्ने सम्बन्धमा। |
| भौतिक पूर्वाधार विकास मन्त्रालय | कर्णाली प्रदेश पूर्वाधार विशेष कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ लाई स्वीकृत गर्ने सम्बन्धमा। |

## कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७७ साल भाद्र १५ गते सोमबारको बैठकबाट भएका निर्णयहरु

| सम्बन्धित मन्त्रालय | निर्णय |
|---|---|
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ स्वीकृत गर्ने। |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कर्णाली प्रदेश बिशेष कार्यक्रम सञ्चालन तथा ब्यवस्थापन निर्देशिका, २०७७ स्वीकृत गर्ने। |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्राविधिक जनशक्ति सेवा करारमा छनौट गर्ने सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७७ स्वीकृत गर्ने। |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | कर्णाली प्रदेश प्रहरी सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७७ लाई मन्त्रिपरिषद्, प्रशासन तथा विधेयक समितिमा पठाई समितिको निर्णयानुसार गर्ने।" |
| उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | साविक घरेलु तथा साना उद्योग विकास समितितर्फका अस्थायी कर्मचारीहरुको म्याद २०७७ साल पौष मसान्तसम्मका लागि थप गरी हाल कार्यरत कार्यालयहरुमा साविककै सेवा सुविधा पाउने गरी कामकाजमा खटाउने व्यवस्था मिलाउने। |
| भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | भूमि व्यवस्था, कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन एकीकृत कार्यविधि, २०७७ स्वीकृत गर्ने। |
| सामाजिक विकास मन्त्रालय | कोरोना भाइरस रोग (कोभिड-१९) को प्रतिकार्य रोकथाम तथा उपचारको लागी कर्णाली प्रदेशका ५ वटा नाकामा खटाइएका हेल्थ असिस्टेन्ट ३२ जना तथा स्टाफ नर्स/अ.न.मी. २६ जना गरी जम्मा ५८ जना स्वास्थ्यकर्मीको करार सम्झौताको म्याद २०७७ श्रावण १ देखि २०७७ असोज मसान्त सम्मको लागि थप गर्ने साथै २०७७ असोज मसान्त पछि कोभिड-१९ को प्रभाव यथावत रहेमा मन्त्रालयले आवश्यकता बमोजिम बढीमा २०७८ असार मसान्त सम्म एकपटकमा ३ महिनामा नबढ्ने गरी म्याद थप गर्न स्वीकृति प्रदान गर्ने । |
| सामाजिक विकास मन्त्रालय | कार्यक्रम संचालन तथा कार्यान्वयन कार्यविधि, २०७७ स्वीकृत गर्ने। |
| सामाजिक विकास मन्त्रालय | कोभिड १९ रोकथाम, नियन्त्रण तथा प्रतिकार्यका लागि खटिएका विभिन्न जिल्लाका १७६ जना सामुदायिक नर्स (स्टाफ नर्स र अनमी) हरुको २०७७ श्रावण १ देखि ६ (छ) महिनाको लागि म्याद थप गरी साविक बमोजिमकै काम काजमा खटाउने । |

# कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७७ साल २४ गते बुधबार को बैठकबाट भएका निर्णयहरु

| | |
|---|---|
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | मन्त्रिपरिषद्मा पेश हुने कानूनी दस्तावेजहरुको अध्ययन, परिमार्जन तथा राय सुझाव सम्बन्धमा। |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | राहत रकम उपलब्ध गराउने सम्बन्धमा। |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | कर्णाली प्रदेश बहुवर्षीय ठेक्का बन्दोबस्त सम्बन्धी निर्देशिका,२०७७ स्वीकृत गर्ने सम्बन्धमा। |
| उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | अनुसन्धान तथा तहकिकात गर्न प्रदेश कर्मचारी तोक्ने सम्बन्धमा। |
| उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | प्रदेश वातावरण संरक्षण नियमावली, २०७७ स्वीकृति सम्वन्धमा। |
| उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको कार्यक्रम सञ्चालन तथा कार्यान्वयन कार्यविधि, २०७७ स्वीकृत गर्ने सम्बन्धमा। |
| भौतिक पुर्वाधार विकास मन्त्रालय | खानेपानी सिँचाई तथा उर्जा विकास कार्यालय सुर्खेत, पूर्वाधार विकास कार्यालय जुम्ला र पूर्वाधार विकास निर्देशनालय सुर्खेतका बिभिन्न ठेक्काहरुको मूल्यँकन प्रकृयामा महादेब खिम्ती सम्मिलित जेभी बोलपत्र मूल्याँकन प्रकृयामा सहभागी गराउने वा नगराउने सम्बन्धमा निर्णय हुन |

## कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७७ साल कार्तिक ०८ गते शनिबारको बैठकबाट भएका निर्णयहरु

| प्रस्ताव पेश गर्ने मन्त्रालय | प्रस्तावको व्यहोरा |
|---|---|
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश सभा, कर्णाली प्रदेशको छैटौं अधिवेशन मिति २०७७/०७/०९ गते आइतबार रातको १२.०० बजेदेखि अन्त्य गर्न नेपालको संविधानको धारा १८३ को उपधारा (२) बमोजिम माननीय प्रदेश प्रमुखज्यू समक्ष सिफारिस गर्ने। |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | महिला विकास प्रशिक्षण केन्द्रको नाममा रहेको जग्गा प्रदेश सरकारको नाममा भोगाधिकार प्राप्त गर्न स्वीकृत गर्ने । |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ (पहिलो संशोधन)" स्वीकृति गर्ने । |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कर्णाली प्रदेशमा कोभिड- १९ को लक्षण सहितका विरामीहरुको परीक्षण तथा उपचार प्रदेश सरकारको तर्फबाट निशुल्क रुपमा गर्ने। |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | सुर्खेत विमानस्थलको विकास, विस्तार र स्तरोन्नतिका लागि कर्णाली प्रदेश सरकार र नेपाल नागरिक उड्डयन प्राधिकरणका बीच भएको समझदारी पत्र (MOU) अनुमोदन गर्ने। |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | कर्णाली सूचना प्रबिधि तथा आमसञ्चार प्रतिष्ठान स्थापना सम्बन्धि ब्यवस्था गर्न बनेको बिधेयक प्रदेश सभा सचिवालयमा दर्ता गर्न स्वीकृति प्रदान गर्ने। |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | बिपद् जोखिम बीमा सम्बन्धी कार्यविधि २०७७ स्वीकृत गर्ने। |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | कर्णाली प्रदेश बिपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन नियमावली, २०७७ स्वीकृत गर्ने। |
| उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | उपभोक्ता संरक्षण सम्बन्धमा ब्यवस्था गर्न बनेको बिधेयक, २०७५ फिर्ता लिने अनुमतिका लागि कर्णाली प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने। |
| उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | दस्तुर र जरिबाना प्रचलित कानून बमोजिम हुने गरी प्राइभेट फर्मको नवीकरणको समयावधि २०७७ साल पौष मसान्तसम्म थप गर्ने । |
| उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | साविक घरेलु सिल्पकला भण्डार सुर्खेतको पुरानो घर भत्काई सामाग्री लिलाम गर्ने। |
| भूमी ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | प्रयोगशाला सहितको अर्गानिक कृषि विकास तथा अनुसन्धान केन्द्र स्थापनाको लागि अध्ययन कार्य अगाडि बढाउने। |

| | |
|---|---|
| भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | भूमी समस्या समाधान अयोगको सदस्यमा मुसिकोट ५ रुकुम पश्चिमका बुद्धि प्रसाद सापकोटालाई मनोनयन गर्ने। |
| भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | कर्णाली प्रदेश सहकरी ऐन, २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने। |
| सामाजिक विकास मन्त्रालय | कोरोना परीक्षण, क्वारेन्टिन व्यवस्थापन, आइसोलेशन कक्ष र कोभिड-१९ नियन्त्रण र रोकथामका लागि जनशक्ति व्यवस्थापन समेतको बजेट बाँडफाँड गर्न स्वीकृति प्रदान गर्ने। |
| सामाजिक विकास मन्त्रालय | पर्वतीय विज्ञान तथा प्रविधि विश्वबिद्यालय सम्बन्भमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने। |

**कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७७ साल मंशिर ११ गते बिहीबार को बैठकबाट भएका निर्णयहरु**

| प्रस्ताव पेश गर्ने मन्त्रालय | प्रस्तावको व्यहोरा |
|---|---|
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश नीति तथा योजना आयोगको उपाध्यक्षमा दैलेख जिल्ला नारायण न पा ८ निवासी श्री सर्बराज खड्कालाई नियुक्त गर्ने |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | माननीय मूख्यमन्त्रीज्यूको समन्वय बिज्ञका रुपमा सुर्खेत जिल्ला बि न न पा ८ निवासी झक बहादुर मल्ललाई नियुक्त गर्ने |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सल्यान जिल्ला कुमाख गाउँपालिकाको वडा संख्या र सिमाना हेरफेर सम्बन्धमा नेपाल सरकार समक्ष स्विकृतिका लागि पठाउने। |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | दैलेख जिल्ला भगवतीमाई गाउँपालिकाको वडा संख्या र सिमाना हेरफेर सम्बन्धमा नेपाल सरकार समक्ष स्विकृतिका लागि पठाउने। । |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | समपूरक र विशेष अनुदान तर्फका आयोजनाहरुको बजेट व्यवस्थापन सम्बन्धमा आर्थिक वर्ष २०७६/७७ मा कर्णाली प्रदेश सरकारको समपुरक र विशेष अनुदानबाट स्थानीय तहहरुमा संचालित संलग्न विवरण बमोजिमका अधुरा आयोजनाहरुका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयले अर्थ विविध शिर्षकबाट जम्मा रु. २२ करोड ५७ लाख ८५ हजार बजेट सम्बन्धित स्थानीय तहहरुमा हस्तान्तरण गर्ने । |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | कर्णाली प्रदेश सुरक्षा मापदण्ड, २०७७ स्वीकृति प्रदान गर्ने। |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | कर्णाली प्रदेशको सुरक्षा रणनीति, २०७७ स्वीकृति प्रदान गर्ने । |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | कर्णाली प्रदेश सभाका माननीय सभामुखज्यूको लागि प्रचलित कानून बमोजिम सवारी साधन खरिदका निमित्त सम्पूर्ण खरिद प्रक्रियाको जिम्मेवारी कर्णाली प्रदेश सभाको हुने गरी सवारी साधन शिर्षकमा रु, |

| | |
|---|---|
| | १,७५,००,००० (अक्षरुपी रु एक करोड पचहत्तर लाख मात्र) रकम निकाशा दिने । |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | शान्ति अध्ययन तथा घाईते अपाङ्ग पुर्नस्थापना केन्द्र स्थापना सम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृत प्रदान गर्ने । |
| उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | कर्णाली प्रदेश पर्यटन गुरुयोजनाको स्वीकृत गर्ने। |

**कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७७ साल मंसिर १८ गते बिहिबारको बैठकबाट भएका निर्णयहरु**

| प्रस्ताव पेश गर्ने मन्त्रालय | प्रस्तावको व्यहोरा |
|---|---|
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | डोल्पा जिल्लाको छार्कातााङसोङ गाँउपालिकाको प्रशासनिक केन्द्र वडा नं ३ ढाडगाँउबाट सोहि गाँउपालिकाको वडा नं. ४ कागकोटमा कायम गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम नेपाल सरकार समक्ष पठाउने। |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | भवन निर्माण र पर्वतीय प्रदेश प्रहरी प्रतिष्ठान निर्माणको लागि रु. ३ करोड ९३ लाख र अन्य प्रदेश प्रहरी संरचना निर्माणको लागि रु. ५ करोड र प्रहरी तालिम केन्द्र निर्माणको लागि रु. १ करोड गरी कुल ९ करोड ९३ लाख रकम कर्णाली प्रदेश प्रहरी कार्यालयलाई अख्तियारी प्रदान, हस्तान्तरण गर्ने सो निमित्त स्वीकृति प्रदान गर्ने । |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | मन्त्रालयको चालु आ.व. २०७७/०७८ को स्वीकृत बजेट अन्तर्गत चालु खर्च शिर्षक नं. २७२१२ को उद्धार राहत तथा पुर्नस्थापना खर्चको क्रियाकलाप संकेत नं. ७.२.८.५ सडक लगायत दुर्घटना उद्धार कार्यक्रम शिर्षकबाट कार्यक्रम संशोधन पश्चात विपद्का घटनाबाट मृत्यू भएका मृतक २३ घर परिवारलाइ ४६,००,०००/- (अक्षरुपीः छयालिस लाख) राहत रकम सम्बन्धित जिल्ला प्रशासन कार्यालयले मृतकको एकिन गरी राहात सुविधा दोहोरो नपर्ने शर्तमा उपलब्ध गराउन स्वीकृति प्रदान गर्ने । |
| उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले प्रस्तावित गरेको संगठन संरचना र दरबन्दी स्वीकृत गर्ने । |

## कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्‌को मिति २०७७ साल पौष ६ गते सोमबारको बैठकबाट भएका निर्णयहरु

<table>
<tr><th>सम्बन्धित मन्त्रालय</th><th>निर्णय</th></tr>
<tr><td>मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय</td><td>मुख्यमन्त्री जीबिकोपार्जन कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ स्वीकृत गर्ने।</td></tr>
<tr><td>मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय</td><td>प्रदेश सरकारबाट लोपोन्मुख हुन लागेको राउटे जातिको संरक्षण र सम्बर्द्धन गर्न प्रतिव्यक्ति मासिक रु. २,००० (अक्षेरुपी दुई हजार) आर्थिक सहयोग गर्ने।</td></tr>
<tr><td>मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय</td><td>खाद्यान्न खरिद तर्फको खर्च शिर्षकबाट बिनियोजित भएको रकम मध्येबाट रु. पन्ध्र करोड र कोभिड शिक्षा तर्फको खर्च शिर्षकबाट बिनियोजित रकम रु. दश करोड रकम क्रमागत आयोजनाहरुको लागि रकमान्तर गर्ने।</td></tr>
<tr><td>आन्तरिक मामिला तथा कानून मन्त्रालय</td><td>शान्ति तथा पुनर्स्थापना केन्द्र स्थापना गर्न बनेको विधेयक कर्णाली प्रदेश सभा सचिवालयमा दर्ता गर्न स्वीकृति प्रदान गर्ने ।</td></tr>
<tr><td>आन्तरिक मामिला तथा कानून मन्त्रालय</td><td>द्धन्द्ध पीडित घाइते अपाङ्ग उपचार राहत खर्च कार्यविधि, २०७७ लाई स्वीकृति प्रदान गर्ने।</td></tr>
<tr><td>भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय</td><td>सहकारी संस्था मार्फत व्याज अनुदान कार्यविधि, २०७७ स्वीकृत गर्ने।</td></tr>
<tr><td>सामाजिक विकास मन्त्रालय</td><td>खेलकुद परिषद्‌का उपाध्यक्षमा र सदस्यमा निम्न पदाधिकारीहरुलाईलाई नियुक्त गर्ने।
<table>
<tr><th>क्र.स</th><th>नाम, थर</th><th>पद</th><th>ठेगाना</th></tr>
<tr><td>१.</td><td>प्रमोद हमाल</td><td>उपाध्यक्ष</td><td>विरेन्द्रनगर-४</td></tr>
<tr><td>२.</td><td>टक्क बहादुर शाही</td><td>सदस्य</td><td>हुम्ला सर्केगाड-५</td></tr>
<tr><td>३.</td><td>सरोज शाही</td><td>सदस्य</td><td>जुम्ला</td></tr>
<tr><td>४.</td><td>भुमा कुमारी बुढाथोकी</td><td>सदस्य</td><td>शिध्दकुमाख -२, सल्यान</td></tr>
<tr><td>५.</td><td>मोहन राज घर्ति</td><td>सदस्य</td><td>जाजरकोट भे.न.पा-९</td></tr>
<tr><td>६.</td><td>हेमा खड्का</td><td>सदस्य(अपाङ)</td><td>दैलेख ना.न.पा ८</td></tr>
</table></td></tr>
<tr><td>सामाजिक विकास मन्त्रालय</td><td>खेलकुद परिषद्‌को सदस्य-सचिवमा सान्नीत्रिबेणी ६ कालीकोट जिल्लाका स्थायी बासिन्दा विश्वमित्र सन्ज्याल लाई नियुक्त गर्ने।</td></tr>
</table>

**कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७७ साल पौष २८ गते मंगलबारको बैठकबाट भएका निर्णयहरु**

| प्रस्ताव पेश गर्ने मन्त्रालय | प्रस्तावको व्यहोरा |
|---|---|
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | जुम्ला जिल्ला तिला गाउँपालिकाको वडा संख्या र सिमाना परिवर्तन सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिस गरी पठाउने। |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश निजामती कर्मचारीहरुको सरुवा तथा काज सम्बन्धी मापदण्ड, २०७७ स्वीकृत गर्ने। |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | एकिकृत वस्ती विकास कार्यक्रम कार्यन्वयन कार्यविधि २०७७ सैद्धान्तिक सहमति प्रदान गर्ने। |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | कालिकोट जिल्लाको नरहरीनाथ गाउँपालिकाको भवन निर्माण गर्न रु २ करोड ७५ लाख (दुई करोड पचहतर लाख मात्र) रकम आर्थिक मामिला तथा योजना मन्त्रालयले गाउँपालिकालाई निकासा दिने। |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | आर्थिक वर्ष २०७८/०७९ मा संघीय समपूरक तथा विशेष अनुदानबाट संचालन गर्ने आयोजना तथा कार्यक्रम प्रस्ताव गर्ने स्वीकृत गरी राष्ट्रिय योजना आयोगमा पठाउने। |
| उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय | यस मन्त्रालयको संशोधित संगठन संरचना बमोजिम कार्यालय पुनःस्थापना, सञ्चालन र कार्यक्रम व्यवस्थापनको रु. तीन करोड पन्चानब्बे लाख बजेट  रकमान्तरको लागि स्वीकृत प्रदान गर्ने । |

**कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७७ साल माघ ३० गते शुक्रबार को बैठकबाट भएका निर्णयहरु**

| सम्बन्धित मन्त्रालय | निर्णय |
|---|---|
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | जुम्ला जिल्ला गुठिचौर गा.पा. को वडा संख्या र सिमाना हेरफेर गर्न नेपाल सरकार समक्ष पठाउने। |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | मन्त्रालयको खर्च शिर्षक नं. ३१११२ मा प्रहरी भवन निर्माण सम्बन्धी ७ करोड रकम विनियोजन भएको उक्त प्रहरी भवन संरचना निर्माण पुरा गर्न जिल्ला प्रहरी कार्यालयहरुलाई निकाशा गर्ने गरी कर्णाली प्रदेश प्रहरी कार्यालयबाट रु.१२,५९,०२,९७८।८३ (अक्षरुपीः बाह्र करोड उनन्साठी लाख दुई हजार नौं सय अठहत्तर रुपैयाँ पैसा त्रियासी मात्र) रुपैयाँ माग भई आएकोले सम्झौता अनुसारको रकम मध्ये  रु.७ करोड यस मन्त्रालयमा विनियोजित रकमबाट व्यहोर्ने गरी हस्तान्तरण गर्ने र अपुग रकम रु.५,५९,०२,९७८।८३ (अक्षरुपीः पाँच करोड उन्साठी लाख दुइ हजार नौं सय अठहत्तर रुपैया पैसा त्रियासी मात्र) रकम आर्थिक मामिला तथा योजना मन्त्रालयबाट निकाशा गर्ने। |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | कर्णाली प्रदेश सशस्त्र प्रहरी गण मूख्यालय र नेपाल पुलिस स्कुल पञ्चलिला परिसर भित्र अस्थायी संरचना निर्माणको लागि रु ४० लाख रकम स्विकृति प्रदान गर्ने। |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | कर्णाली प्रदेशको प्रथम पञ्चबर्षिय योजना (२०७६/०७७-२०८०/०८१) मन्त्रिपरिषद् आर्थिक, सामाजिक तथा पूर्वाधार समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने। |
| उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय | नेपाल वन सेवा अन्तर्गतका करारका कर्मचारीहरुको म्याद थप गर्ने। |
| भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | कृषि व्यवसाय प्रबर्द्धन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा प्रदेश सभामा पेश गर्ने स्वीकृति प्रदान गर्ने। |
| भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | कर्णाली प्रदेशभर हरेक वर्ष फागुण ६ गते प्राङ्गारिक  कृषि दिवश मनाउने। |
| भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | नेपाल कृषि सेवा अन्तर्गतका करारका कर्मचारीहरुको म्याद थप गर्ने। |
| भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | नापि/मालपोत कार्यालय सुर्खेतको सेवा ब्यवस्थापनका लागी १४ लाख ७५ हजार रुपैयाँ र मालपोत कार्यालय सुर्खेतको पुर्वाधार निर्माणका लागि ४६ लाख रुपैयाँ बजेट बिनियोजन गर्ने। |
| भौतिक पूर्वाधार विकास मन्त्रालय | खानेपानी सिँचाई तथा उर्जा विकास कार्यालय सुर्खेत, पूर्वाधार विकास कार्यालय जुम्ला र पूर्वाधार विकास निर्देशनालय सुर्खेतका बिभिन्न ठेक्काहरुको मूल्यँकन |

| | |
|---|---|
| | प्रकृयामा महादेब खिम्ती सम्मिलित जेभी बोलपत्र मूल्याँकन प्रकृयामा सहभागी नगराउने। |

**कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७७ साल फागुन ०४ गते मंगलबार को बैठकबाट भएका निर्णयहरु**

| सम्बन्धित मन्त्रालय | निर्णय |
|---|---|
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | एकिकृत बस्ती विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ स्वीकृत गर्ने। |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रशासकीय कार्यबिधि (नियमित गर्ने) ऐन (पहिलो संशोधन), अध्यादेश २०७७ जारी गर्न माननीय प्रदेश प्रमुख समक्ष सिफारिस गर्न स्वीकृति प्रदान गर्ने। |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश लोक सेवा आयोग (दोस्रो संशोधन) अध्यादेश, २०७७ जारी गर्न माननीय प्रदेश प्रमुख समक्ष सिफारिस गर्न स्वीकृति प्रदान गर्ने। |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | कर्णाली प्रदेश बाढी पहिरो समस्या समाधान समितिमा पदाधिकारीहरु मनोनित गर्न स्वीकृति प्रदान गर्ने। |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक तर्जुमा गर्न सैद्धान्तिक सहमतिका लागि स्वीकृति दिने। |
| सामाजिक विकास मन्त्रालय | सामुदायीक क्याम्पस र बहुप्राविधिक शिक्षालय तर्फ विनियोजित बजेट रकम विद्यालयहरु समेतको पूर्वाधार विकासको लागि रकमान्तर प्रस्ताव गर्न स्वीकृती गर्ने। |

**कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७७ साल फागुन १९ गते बुधबार को बैठकबाट भएका निर्णयहरु**

| सम्बन्धित मन्त्रालय | निर्णय |
|---|---|
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सुर्खेत जिल्ला चिङ्गाड गाउँपालिकाको केन्द्र सोही गाउँपालिकाको वडा नम्बर २ पुडखेतमा सार्न नेपाल सरकार समक्ष स्वीकृतिको लागि पठाउने। |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश सचिव श्री आनन्द सारुलाई प्रदेश लोक सेवा आयोगको सचिव समेत तोकी जिम्मेवारी प्रदान गर्ने । |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | मुख्यमन्त्री दलित आयआर्जन बृद्धि कार्यक्रमको लागि बाँडफाँड गरी उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयहरुमा अख्तियारी प्रदान हुन प्रत्येक निर्वाचन क्षेत्रको लागि रु एक करोडले कूल रु. चौवीस करोड बाँडफाँड गर्ने। |

## कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७७ साल फागुन २८ गते सुक्रवारको बैठकबाट भएका निर्णयहरु

| सम्बन्धित मन्त्रालय | निर्णय |
| --- | --- |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कर्णाली प्रदेशका मुख्य न्यायधिवक्ताको रुपमा दैलेख जिल्ला आठवीस नगरपालिका वडा नं. -२ निवासी श्री मातृका प्रसाद खनाल (अधिवक्ता प्र.प.सं. ८५१२) लाई प्रदेश सरकारको मुख्य नायाधिवक्ताको रुपमा नियुक्ति गर्ने । |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कालिकोट जिल्ला नरहरीनाथ गाँउपालिका वडा नं. ६, माल्कोट निवासी श्री बिष्णु बहादुर बिश्वकर्मालाई माननीय मुख्यमन्त्रीज्यूको जनसम्पर्क बिज्ञको रुपमा नियुक्त गर्ने। |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | जनयुद्ध, जनआन्दोलन तथा प्रदेश स्थापना आन्दोलनका घाईते, अपाङ्ग तथा शहिद परिवार सदस्यका लागि आयआर्जन वृद्धी कार्यक्रम र राउटे, वादी, राजी जस्ता लोपोन्मुख र पिछडीएका जातजातीको जिविकोपार्जन र आयआर्जन कार्यक्रमको लागि २५(पच्चिस) करोड बजेट बाँडफाँड गरी रकम हस्तान्तरण/ रकमान्तर/ अख्तियारी प्रदान गर्ने। |
| उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको चालु आ.व. २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम *खाद्यान्न खरिद* शिर्षकबाट संलग्न कार्यक्रमहरु संचालनका लागि रु.१७ करोड २४ लाख बजेट रकमान्तर गर्न स्वीकृती प्रदान गर्ने। |

**कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७७ साल चैत्र ११ गते बुधबार को बैठकबाट भएका निर्णयहरु**

| प्रस्ताव पेश गर्ने मन्त्रालय | प्रस्तावको व्यहोरा |
|---|---|
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कर्णाली प्रदेश विशेष कार्यक्रम अन्तर्गत माननीय मुख्यमन्त्रीज्यूबाट भएको योजना स्वीकृती र बजेट बाँडफाँटलाई अनुमोदन गर्ने। |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | मिति २०७७/११/२८ गते मूख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सभाहलमा कर्णाली प्रदेश सरकारका माननीय मूख्यमन्त्रि श्री महेन्द्र बहादुर शाहीज्यूको संयोजकत्वमा सुर्खेत बिमानस्थल विस्तार एवम् स्तरोन्नति सम्बन्धि बैठकमा भएका निर्णयहरुलाई अनुमोदन गर्ने। |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | जुम्ला जिल्ला कनकासुन्दरी गाउँपालिकाको वडा संख्या थप्ने तथा सिमाना हेरफेर गर्न नेपाल सरकारसमक्ष पठाउने। । |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन (दोस्रो संशोधन) कार्यविधि, २०७७ स्वीकृत गर्ने। |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | स्थानीय सेवा तथा प्रदेश निजामती कर्मचारी अभिलेख व्यवस्थापन कार्यविधि, २०७७ स्वीकृत प्रदान गर्ने। |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | मुख्यमन्त्री दलित आयआर्जन (रोजगारी) प्रबर्द्धन कार्यक्रम संचालन कार्यबिधि २०७७ स्वीकृत गर्ने। |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश निजामति सेवा बिधेयक मस्यौदा गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | पर्वतीय प्रदेश प्रहरी प्रतिष्ठान र कर्णाली प्रदेश प्रहरी तालिम केन्द्र निर्माणको लागि माननीय मन्त्रीज्यूबाट मिति २०७७/१२/१० मा भएको निर्णय बमोजिम प्रदेश प्रहरी तालिम केन्द्र रुकुम पश्चिम जिल्लाको चौरजहारी न.पा. वडा नं. ३ स्थित अम्बाचौरमा र जुम्ला जिल्लाको सिंजा गा.पा. वडा नं. १ नागी डाँडामा पर्वतीय प्रहरी प्रशिक्षण प्रतिष्ठान निर्माण गर्ने गरी आवश्यक जग्गाको क्षेत्रफल समेत एकिन गरी स्थान छनौट गर्ने । |
| उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको चालु आ.व. |

| प्रस्ताव पेश गर्ने मन्त्रालय | प्रस्तावको व्यहोरा |
|---|---|
| | २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम खाद्यान्न खरिद शिर्षकबाट संलग्न कार्यक्रमहरु संचालनका लागि रु.३ करोड बजेट रकमान्तर गर्न स्वीकृती प्रदान गर्ने। |
| उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | कर्णाली प्रदेशका विपदमा परेका परिवारलाई खाद्यान्न वितरणमा भएको खर्च रकम रु. २३,२६,६९६.२० उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको वार्षिक स्वीकृत खाद्यान्न खरिद (उद्दार राहत तथा पुनर्स्थापना खर्च, शिर्षक नं.२७२१२)कार्यक्रमबाट खर्च गर्न स्वीकृती प्रदान गर्ने। |
| भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | आयआर्जन बृद्धि कार्यक्रम स्वीकृत गर्न बिउपूँजी उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७७ स्वीकृत गर्ने |
| भौतिक पूर्वाधार विकास मन्त्रालय | श्री कालिका कन्ट्रक्सन प्रा.लि. विरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम मुद्दा दायर भएकोले मूल्याङ्कन प्रकृयामा सहभागी नगराउने निर्णय हुन । साथै यस्ता प्रकृतिका वोलपत्र प्राप्त भएका अन्य आयोजनाहरुको हकमा समेत उक्त वोलपत्रहरुलाई मूल्याङ्कन प्रकृयामा सहभागी नगराउने निर्णय हुन। |
| सामाजिक विकास मन्त्रालय | सामुदायिक नर्सहरुको सेवा निरन्तरता गर्ने। |

**कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७७ साल चैत्र १३ गते सुक्रवारको बैठकबाट भएका निर्णयहरु**

| प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णय |
|---|---|
| उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | साविक घरेलु तथा साना उद्योग विकास समिति तर्फका अस्थायी कर्मचारीहरुको म्याद थप गरी कामकाजमा खटाउने। |
| उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | वन ब्यवस्थापन कार्य सुचारु गर्ने। |
| भौतिक पूर्वाधार विकास मन्त्रालय | Detail feasibility study and design of cable car project को norms स्वीकृत गर्ने । |
| सामाजिक विकास मन्त्रालय | का.मु. प्रदेश सचिवमा श्री विष्णु प्रसाद अधिकारीलाई जिम्मेवारी प्रदान गर्ने। |

**कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७७ साल चैत्र २४ गते मंगलवारको बैठकबाट भएका निर्णयहरु**

| प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णय |
|---|---|
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कर्णाली प्रदेश सरकारका माननीय मूख्यमन्त्रिज्यू समक्ष राजिनामा दिएका कर्णाली प्रदेश सरकारका माननीय मन्त्रिज्यूहरुलाई बिदाई गर्ने। |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | कर्णाली प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०७६/०५/०६ को निर्णयानुसार कर्णाली प्रदेशको स्वीकृत संगठन संरचनामा आर्थिक मामिला तथा योजना मन्त्रालयको बजेट तथा कार्यक्रम महाशाखामा प्रशासन सेवा, लेखा समूह,अधिकृतस्तर नवौं/दशौं तहको दरबन्दी स्वीकृत भएकोमा सो दरबन्दीलाई संशोधन गरी उक्त महाशाखामा प्रशासन सेवा, राजश्व समूह, अधिकृतस्तर नवौं/दशौं तहको दरबन्दी कायम गर्ने । |
| उद्योग, पर्यटन, वन तथा वातावरण | खाद्यान्न ढुवानीको लागि खर्च भएको प्लेन भाडा वापतको रकम रु. ३०००००।– (अक्षेरुपी तीन लाख) रुपैया उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले भुक्तानी गर्न स्वीकृति प्रदान गर्ने । |

**कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७७ साल चैत्र २९ गते मंगलवारको बैठकबाट भएका निर्णयहरु**

| | |
|---|---|
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कालिकोट जिल्ला नरहरिनाथ गाउँपालिकाको वडा संख्या र सिमाना हेरफेर गर्ने सम्बन्धमा । |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश सभा, कर्णाली प्रेदशको सातौं अधिवेशन आह्वान गर्ने सम्बन्धमा। |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | प्रदेश अस्पतालको उपकरण खरिदको लागि थप बजेट ब्यवस्थापन गर्ने सम्बन्धमा। |
| सामाजिक विकास मन्त्रालय | खेलकुद परिषदको सदस्य मनोनयन गर्ने सम्बन्धमा। |
| सामाजिक विकास मन्त्रालय | लोपोन्मुख तथा सिमान्तकृत समुदायको लागि जीविकोपार्जन र आयआर्जन कार्यक्रम स्चालन कार्यबिधि, २०७७ स्वीकृती सम्बन्धमा। |